

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ७ गते आइतबार ❑ 23 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## जनताका काममा खट्न महामन्त्री थापाको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन



नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सत्तामा रहँदा होस् वा नरहँदा जनताका काममा दिनरात खट्न कांग्रेसका जनप्रतिनिधि तथा नेतालाई आग्रह गर्नुभएको छ।

शनिबार ४१औँ विपी स्मृति दिवसका अवसरमा नेपाली कांग्रेस कास्कीले पोखरामा आयोजना गरेको 'उत्पादनसँग कांग्रेस' विषयक परिसंवादमा महामन्त्री थापाले आगामी चार वर्ष जनताको हितमा काम गरेर २०८४ को चुनावी परिणाम कांग्रेसको पक्षमा पार्नुपर्ने बताउनुभयो । "नेपाली कांग्रेस सबैभन्दा ठूलो पार्टी हो, जनताको आशा र भरोसा पनि कांग्रेसप्रति नै छ", महामन्त्री थापाले भन्नुभयो, "चार वर्षमा काम गरेर देखाउन सकेनौँ भने विसं २०८४ को चुनावी परिणाम कांग्रेसको पक्षमा नहुनसक्छ ।" कांग्रेसका आठ लाख ६६ हजार सक्रिय कार्यकर्ता प्रत्येक जनताको घरमा पुगेर उनको सुखदुःखमा साथ दिन पनि उहाँले आग्रह गर्नुभयो । "स्थानीय तहको निर्वाचन घोषणापत्रमा कांग्रेसले 'अबको यात्रा र एजेन्डा : समुन्नत नेपालको राष्ट्रिय सङ्कल्प' अगाडि सारेको छ", थापाले भन्नुभयो, "जनताको भावना र राजनीतिक शक्ति सन्तुलनअनुसार संशोधन र परिमार्जन गरी समृद्ध र प्रगतिशील दस्तावेजका रूपमा रुपान्तरण गर्न नेपाली कांग्रेस अगाडि बढ्नैपर्छ ।"

कांग्रेस पार्टीको जन्म सत्तामा पुग्नका लागि मात्रै नभएको भन्दै उहाँले लोकतान्त्रिक र संवैधानिक प्रक्रियाद्वारा जनताको भावनाअनुसार अग्रगामी र प्रगतिशील आर्थिक-सामाजिक रुपान्तरण गर्न स्थापनाका लागि भएको स्पष्ट पार्नुभयो । "नेपालमा कोही पनि भोका, नाङ्गा वा अशिक्षित नरहन, देशमा पूर्वाधार निर्माण गरी उत्तरदायी शासन व्यवस्था ल्याउने प्रयत्नमा हामी छौँ", उहाँले भन्नुभयो ।

जल, जमिन, जङ्गल, जडीबुटी र जलाधारः स्थानीय जनताको समृद्धिको आधार भन्ने मान्यतामा स्थानीय सरकारले प्राकृतिक स्रोत व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नसमेत उहाँले आग्रह गर्नुभयो । खेतीपाती र पशुपालन तथा कृषि एवं पशुजन्य उद्योगको स्थापना एवं क्षमता विस्तारका लागि लगानी गर्न चाहने कृषक र उद्यमीका लागि प्रत्येक गाउँपालिका र नगरपालिकामा लगानीका लागि सुलभ ऋणको व्यवस्था तथा अनुदानका कार्यक्रमको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ। कृषि प्रणालीलाई व्यवस्थित गर्न भू-उपयोग योजनामार्फत कृषिमा उद्यमशीलता, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्न जरुरी रहेको उहाँले बताउनुभयो । कृषि-जैविक विविधताको महत्व भएका बाली तथा वस्तुको पहिचान गरी दिगो संरक्षण तथा उपयोग कार्यक्रम सञ्चालन गर्न उहाँले स्थानीय तहलाई सुझाव दिनुभयो। प्रत्येक गाउँपालिकामा कृषि सामग्री, बीउ, मल, नश्ल सुधार, विषादी, औषधि आदिको सहज आपूर्तिका लागि निजी तथा सहकारी क्षेत्रको सहकार्यमा सुपथ कृषि सामग्री पसलको स्थापना तथा सञ्चालन हुनुपर्नेमा उहाँले जोड दिनुभयो । कृषि उत्पादन वृद्धिका लागि सिँचाइ र बजार व्यवस्थापनका साथै सम्भावना भएका वडाको पहुँच पुग्ने व्यवस्था गर्न उहाँले सुझाव दिनुभयो । सो अवसरमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्ण देवकोटाले कृषि उत्पादन वृद्धि गर्न सरकारले प्राथामिकताका क्षेत्र स्पष्ट पारी समावेशी र उत्पादनमुखी कृषि प्रणालीको विकास गर्न आवश्यक रहेकोमा जोड दिनुभयो। उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले सरकारले उदारीकरण नीति ल्याएर आम नागरिकको जीवनस्तर उकास्नुपर्नेमा जोड दिनुभयो।

## ऊर्जासचिव घिमिरेद्वारा सेती नदी जलविद्युत् आयोजना निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन सेती नदी जलविद्युत् आयोजनाको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे नेतृत्वको टोलीले निरीक्षण गरेको छ।

सचिव नेतृत्वको टोलीले आज माछापुच्छ्रे गाउँपालिका-२ मा निर्माणाधीन २५ मेगावाट क्षमताको आयोजनाको स्थलगत अवलोकन गर्दै हालसम्मको कार्यप्रगतिका बारेमा जानकारी लिएको हो।

आयोजनामा सरकारी कम्पनी हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसीएल)को संस्थागत स्वपुँजी (इक्वेटी) लगानी रहेको छ। एचआइडिसीएलको अध्यक्ष ऊर्जा तथा जलस्रोत मन्त्रालयको सचिव रहने व्यवस्था छ । सचिव नेतृत्वको टोलीमा हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनीका सञ्चालक शम्भुप्रसाद मरासिनी, माधवप्रसाद कोइराला, जीतेन्द्र धिताल, सुधिर ज्ञवाली, एचआइडिसीएलका प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतम, डेपुटी सिइओ अरुण रजौरिया र जीवनकुमार बस्नेत सहभागी हुनुहुन्थ्यो।

टोलीले आयोजनाको हालसम्मको भौतिक प्रगतिको अवस्था, हेडवर्क, विद्युत्गृह तथा पाइप लाइन विस्तारका बारेमा जानकारी लिएको थियो। टोलीलाई आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनीका कार्यकारी अध्यक्ष जगतबहादुर

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फेवातालबाट जलकुम्भी निकालियो

**पोखरापत्र संवाददाता**
लेखनाथ, ६ साउन



पोखराको फेवातालमा वर्षासँगै फैलिएको जलकुम्भी झारले ताल कुरुप बनेपछि पर्यटन व्यवसायी झार हटाउन सक्रिय बनेका छन्।

प्रत्येक वर्षको वर्षात्को समयमा फेवातालको सिरान पश्चिमी भागबाट पूर्वीभागतर्फ फैलिँदै आउने जलकुम्भी झार हटाउन पोखराका विभिन्न सङ्घसंस्था, सुरक्षाकर्मी र पर्यटन व्यवसायी सक्रिय हुने गरेका छन् । ट्रेकिङ एजेन्सी एशोसियसन अफ नेपाल (टान) गण्डकी प्रदेशको संयोजनमा पोखराका पर्यटन व्यवसायी, सुरक्षाकर्मी, पर्यटनसम्बन्धी सङ्घसंस्था र विद्यार्थीद्वारा शनिबार बिहान फेवातालका फैलिएको १० ट्रक जलकुम्भी झार बाहिर निकालिएको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले जानकारी दिनुभयो।

जलकुम्भी झारकै कारण फेवातालमा पर्यटकलाई डुङ्गा सयर गर्न र तालको मध्यभागमा अवस्थित तालबाराही मन्दिर दर्शन गर्न जानका लागि समस्या परेपछि प्रत्येक हप्ता विभिन्न सङ्घसंस्थाको संयोजनमा तालको जलकुम्भी झार हटाउने कार्यभइरहेकोपोखरामहानगरपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

शनिबार जलकुम्भी झार हटाउने कार्यको शुभारम्भ गर्दै प्रमुख आचार्यले पोखराको सुन्दर र पर्यटकीय आकर्षणको केन्द्र फेवातालमा वर्षात्को समयमा फैलिने जलकुम्भी झारलाई व्यवस्थापन गर्न बायोग्यास कम्पनीसँग ठेक्का सम्झौता गर्ने तयारी भएको जानकारी दिनुभयो।

नेपाल पर्यटक तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)का दुई सय विद्यार्थीले फेवातालको जलकुम्भी झार ताल बाहिर निकालेका थिए । फेवातालमा समस्याका रूपमा जलकुम्भी झार देखापरेको १२ वर्ष भइसकेको छ।

## विपीले परिकल्पना गरेको आर्थिक समृद्धिको बाटोमा लागौँ : मुख्यमन्त्री पाण्डेय

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ साउन



गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेयले विपी कोइरालाले देखाएको बाटोमा नेपाली कांग्रेस हिँडे पनि उहाँले परिकल्पना गरेको आर्थिक समृद्धिमा पुग्न बाँकी रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस बागलुङले शनिबार ४१औँ विपी स्मृति दिवसका अवसरमा गण्डकी प्रदेशको प्रसिद्ध धार्मिकस्थल बागलुङ कालिका मन्दिर परिसरमा आयोजना गरेको वृक्षरोपणपछि मुख्यमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका पाण्डेले विपीलाई व्यक्ति होइन, विचार हो भन्ने कुरा सबै राजनीतिक दलले स्वीकार गरिसकेको बताउनुभयो।

उहाँले विपीको समाजवादसँगै आर्थिक विकासको पाटोमा अझै धेरै काम गर्न बाँकी रहेको बताउनुभयो। "विपीले देखाएको बाटोमा कांग्रेस हिँडिरहेको छ, अन्य दलहरूले समेत विपीको विचारलाई मान्ने गरेका छन्, तर विपीले परिकल्पना गरेको आर्थिक समृद्धि र आर्थिक उन्नयनको पाटोलाई सार्थक तुल्याउन नसकेको अवस्था छ", मुख्यमन्त्री पाण्डेयले भन्नुभयो, "उहाँले परिकल्पना गरेको आर्थिक समृद्धि हासिल गर्नका लागि सबैले आ-आफ्नो स्थानबाट लागौँ, देशमै उद्योगधन्दा, कलकारखाना र पर्यटनका माध्यमबाट देश आर्थिक समृद्धितर्फ जानेछ।"

अब विपीको विचार र दर्शनलाई बोकेरमात्रै नभएर व्यवहारमा उतार्न नेता तथा कार्यकर्तालाई मुख्यमन्त्रीले आग्रह गर्नुभयो।

मुख्यमन्त्री पाण्डेयले वृक्षरोपणसँगै कालिका मन्दिरको दर्शन गर्नुभएको थियो। कालिका मन्दिर परिसरमा ४१औँ विपी स्मृति दिवसका अवसरमा ४१ रुद्राक्षको वृक्षरोपण गरिएको नेपाली कांग्रेस बागलुङका सचिव हरिहर शर्माले जानकारी दिनुभयो।

## गठबन्धन सरकार निरन्तर चल्छ : नेता पौडेल

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ साउन




नेकपा (माओवादी केन्द्र) का सचिव तथा पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले अहिलेको गठबन्धन सरकार निरन्तर चल्ने दाबी गर्नुभएको छ। उहाँले सरकार ढल्ने कुनै सम्भावना नरहेको जिकिर गर्नुभयो।

प्रेस सेन्टर नेपाल बागलुङले आज आयोजना गरेको पत्रकार सम्मेलनमा अहिलेको गठबन्धन लामो समयसम्म रहिरहने र सरकारले भ्रष्टाचारविरुद्धको कामलाई निरन्तर अगाडि बढाइरहेको बताउनुभयो। बागलुङ क्षेत्र नं २ का सांसदसमेत रहनुभएका नेता पौडेलले भ्रष्टाचारविरुद्ध अहिलेको सरकारले लिएको अडानका कारण सरकार सञ्चालनमा कुनै समस्या नआएको भन्दै अहिलेको सरकार गिराउन विभिन्न चलखेल भए पनि त्यो सम्भव नहुने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सरकारले दृणतापूर्वक भ्रष्टाचारविरुद्ध काम गर्दै आएको छ।" बागलुङको इमेज सहकारीले जनताको डेढ अर्ब रकम उठाएर ढोरपाटन नगरपालिकाका नगरप्रमुख फरार भएको विषयलाई आफूले गृह मन्त्रालयमा ध्यानाकर्षण गराएको बताउनुभयो । नेता पौडेलले भन्नुभयो, "बागलुङको सहकारी समस्याको विषयमा गृह मन्त्रालयलाई ध्यानाकर्षण गराएको छु, फरार रहेका सहकारीका अध्यक्षलाई पक्राउ गर्न आवश्यक छ।" बागलुङस्थित इमेज सहकारीले जनताको डेढ अर्ब रकम उठाएर सञ्चालक फरार भएपछि जनताको गुनासो सुन्न नेता पौडेल गृहजिल्ला आउनुभएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जा काँग्रेसले भन्यो–'विपीको विचार ओझेलमा'

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ६ साउन



नेपाली काँग्रेसका संस्थापक नेता विश्वेश्वर प्रसाद कोइरालाको ४१ औं स्मृति दिवस स्याङ्जामा विधि कार्यक्रम गरी मनाइएको छ।

नेपाली काँग्रेस स्याङ्जाले जिल्लाका ११ ओटै पालिकामा बृक्षारोपण, रक्तदान र विचार गोष्ठि गरी आफ्ना संस्थापक नेताको संम्झनामा विविध कार्यक्रम गरी मनाएका हुन् । वालिङ नगर समितिले आयोजना गरेको ४१ औं विपी स्मृति विचार गोष्ठिमा बोल्ने बक्ताहरुले विपीको विचार काँग्रेसमा ओझेलमा पर्न थालेको प्रति चिन्ता व्यक्त गरेका थिए । विपी कोइरालाले दिएको विचार अहिले पनि सान्दर्भिकता रहदै आएको र काँग्रेस भित्र विपीको विचारलाई ओझेलमा पारिदा कमजोर हुदै जान थालेको बताएका थिए । विपीका विचार अहिलेपनि महान छन् काँग्रेस नेता गण्डकी प्रदेश सांसद भोजराज अर्यालले भने,'विपीका विचारलाई ओझेलमा पार्ने षड्यन्त्र हुन थालेका छन् ।' काँग्रेसको विगत र वर्तमानको समिक्षा गर्दा विपीले दिएको विचारलाई ओझेलमा पार्न खोज्दा कमजोर बन्दै जान थालेको महशुष भएको छ उनले भने । भुई मान्छेलाई हेरेर नीति बनाउनुपर्छ भन्ने विपीको सिद्धान्त लत्याउदै व्याक्ति बनाउने ध्याउन्नमा पार्टी नेतृत्व लागेको आरोप सांसद अर्यालको थियो । हरेक बर्ष विपीलाई सम्झने मात्रै काम गरेर काँग्रेस बलियो नबन्ने तर्क दिदै सांसद अर्यालले विपीको विचारलाई हरेक दिन पुर्नताजकी बनाउन आवश्यक रहेको बताए ।

कार्यक्रममा नेपाली काँग्रेस गण्डकी प्रदेशका उपसभापति तथा प्रदेश सांसद कल्पना तिवारीले जनप्रतिनिधि शासक नभएर जनताको सेवक भएको बताइन् ।

विपी कहिल्यै शासक बन्ने प्रयत्न नगरेको स्मरण गर्दै उपसभापति तिवारीले जनप्रतिनिधि जनताको सेवक हो भन्ने उदाहरण देखाउनुपर्ने बताइन् । विपी स्मृतिको सम्झना मात्रै विपीको बखान गर्ने तर पछि बिर्षने परिपाटीले संगठन बलियो नबन्ने तिवारीको भनाई छ । जनताको आकांक्षा अनअुसार सरकारले नीति र विकासमा जोड दिनुपर्ने धारणा उनको थियो ।

वालिङ ८ विपीचोकमा भएको कार्यक्रममा नेपाली काँग्रेसका जिल्ला सचिव दामोदर लम्साल, महाधिवेसन प्रतिनिधि अर्जुनप्रकाश अर्याल, पुर्व कार्यबहाक सभापति मुक्तिप्रसाद सुवेदी, ट्रेड युनियन काँग्रेसका पुर्व अध्यक्ष जिवलाल काफ्ले, वडा नम्वर ८ का सभापति कमलप्रसाद सुवेदी, वालिङ नगर उपसभापति सिता थापा, नगर सचिव सागर कुँवर लगायतका बक्ताहरुले विपीको विचार मर्न दिननहुने बताएका थिए । वालिङ नगर समितिका सभापति नेत्रप्रसाद पाण्डेको सभापतित्वमा ४१ औं विपी स्मृति दिवसको अवसरमा विचार गोष्ठि सम्पन्न भएको थियो ।

नेपाली काँग्रेस स्याङ्जाले पुतलीबजारको भालुपहाडमा बृक्षारोपण गरेको थियो भने नेपाल तरुणदल भीरको नगरले रक्तदान कार्यक्रम सम्पन्न गरेको कार्यबहाक सभापति केदार काफ्लेले जानकारी दिए । रक्तदान कार्यक्रमको नेपाली काँग्रेस स्याङ्जाका सभापति तथा संघिय सांसद राजु थापाले गरेका थिए । थापाले नेपाल तरुणदलको केन्द्रिय सदस्यमा स्याङ्जाबाट मनोनय भएका तरुणहरुलाई सम्मान गरेका थिए । सभापति थापाले तरुणदल काँग्रेसको बलियो खम्बा भएको बताउदै स्याङ्जा काँग्रेसलाई क्रियाशिल बनाइराख्न सब तरुणहरुलाई आग्रह गरे ।

# सांगीतिक कलाकार संघको अध्यक्षमा हर्कराज सर्वसम्मत

पोखरापत्र संवाददाता
पोखरा, ६ साउन



पोखरा सांगीतिक कलाकार संघ नेपालको अध्यक्षमा हर्कराज गुरुङ (भाइ गुरुङ) सर्वसम्मत चयन भएका छन् ।

शनिबार पोखरा ट्रेडमलमा रहेको क्लासिक चुलो रेष्ट्रोमा भएको सातौं अधिवेशनबाट हर्कराजको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको हो ।

सघंको उपाध्यक्षमा टोप बहादुर खत्री, सचिवमा भाष्करध्वज श्रेष्ठ, कोषाध्यक्षमा शान्तरत्न बज्राचार्य र सह-सचिवमा विनोद वानियाँ चयन भए । यसैगरी सदस्यमा ईन्द्र बहादुर गुरुङ, आनन्दराज बज्राचार्य, अमित गुरुङ र रोहनजंग कार्की छानिए । थप रिक्त दूई सदस्य कार्यसमितिले मनोनयन गर्नेछ । वरिष्ठ संस्कृतिकर्मी तीर्थ श्रेष्ठको संयोजकत्वमा गठित निर्वाचन समितिले सर्वसम्मत नेतृत्व चयन गर्न सफल भएको हो । समितिको सदस्यमा संस्थाका सल्लाकार शेरबहादुर गुरुङ र ज्ञानबहादुर थापा रहेका थिए । यसअगाडि संघको १४ औं साधारण सभा तथा सातौं अधिवेशनमा बोल्दै गीतकार तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठले पोखराका गीतकार, संगीतकार तथा गायकलाई एकसाथ देख्ने रहर आफ्नो रहेको बताए । 'गीतको लागि आवश्यक पर्ने तीन तत्व एकसाथ देख्ने रहर छ सबै टीमको तालमेल नभएर गीत राम्रो भएन' उनले भने । सांगीतिक क्षेत्र अव्यवस्थित भएकोले संगठित हुनुपर्नेमा गीतकार समेतर रहेका श्रेष्ठले जोड दिए ।

कलाकारको आम्दानीको श्रोत पहिला भन्दा घटेको र हुने गरेका स्टेज कार्यक्रमा समेत केही व्यक्तिको मात्र पहुँच पुग्दासमस्या भएको औल्याए । केही राम्रा कार्यक्रम ल्याएर पोखराको सांगीतिक क्षेत्रमा नयाँ भाइब्स ल्याउनुपर्नेमा उनको जोड थियो । संस्थागत रुपमा संवाद र संगत गर्दै अगाडि बढेमा लक्ष्यमा पुग्न सकिने भनाई समेत उनले राखे । संघका सल्लाहकार शेरबहादुर गुरुङले गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानमा पोखरा सांगीतिक कलाकार संघमा आवद्ध संगीतकर्मी पुग्न नसक्नु दुःखद भएको बताए । आगामी दिनमा ती प्रतिष्ठानहरुमा संघको प्रतिनिधित्व हुने हिसाबले अगाडि बढ्न समेत उनले नयाँ कार्यसमितिलाई सुझाब दिए । अर्का सल्लाहकार ज्ञान बहादुर थापाले कलाकार राज्यको सम्पत्ति भएपनि राज्यले हेर्ने दृष्टिकोण कलाकारमैत्री नभएको गुनासो गरे । पोखरा सांगीतिक कलाकार संघ नेपालका अध्यक्ष हर्क बहादुर थापा क्षेत्री (सुनिल थापा) को अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष हर्कराज गुरुङले गरेका थिए । राजेन्द्र अधिकारीले पेश गरेको सचिवको प्रतिवेदन र शान्तरत्न बज्राचार्यले पेश गरेको कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित भएको थियो । कार्यक्रमको सञ्चालन सचिव राजेन्द्र अधिकारीले गरेका थिए ।

आजभन्दा झण्डै १८ वर्ष अगाडि स्थापना भएको संघमा हाल पोखराका ३८ जना संगीतकर्मी सदस्य रहेका छन् । हालसम्म संघको नेतृत्व दीपक भट्टराई, श्यामशुङ तामाङ र हर्क बहादुर थापा क्षेत्रीले कुशलतापूर्वक पुरा गरेका छन् । सबैको साथ सहयोगमा संघलाई नयाँ उचाईमा पुऱ्याउने प्रतिवद्धता नवनिर्वाचित अध्यक्ष हर्कराज गुरुङले गरेका छन् ।

# पहिरो नियन्त्रणका लागि स्वीस दम्पतीबाट सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ६ साउन

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका-५ रिभानमा अवस्थित निष्पक्ष माध्यमिक विद्यालयमा पहिरो रोकथामका लागि विदेशबाट रु १५ लाख सहयोग प्राप्त भएको छ ।

गत वर्ष असारमा अविरल वर्षापछि पहिराले विद्यालय जोखिममा परेपछि स्वीजरल्याण्डका मार्टिन सिँगर र कुस्सी दम्पतीले सो रकम प्रदान गर्नुभएको हो । सहयोग रकमको 'चेक' शुक्रबार स्वीस नागरिक एरिकले विद्यालयका प्रधानाध्यापक दुर्गाविहादुर रावतलाई हस्तान्तरण गर्नुभयो । स्वीस व्यवसायी दम्पती गत वैशाखमा एरिकसँग विद्यालयमा पुग्नुभएको थियो । विद्यालयको खेल मैदानसम्म पहिराले जोखिममा पारेको प्रत्यक्ष देखेपछि उहाँहरूमा सहयोगको भावना जागृत भएको थियो ।

त्यस बेला आफ्नोतर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका दुवैले सहयोग रकम एरिकमार्फत विद्यालयलाई हस्तान्तरण गरेको विद्यालयका प्रधानाध्यापक रावतले बताउनुभयो । उहाँका अनुसार विद्यालयका पूर्वअङ्ग्रेजी शिक्षक क्रान्ति गिरीमार्फत सम्पर्कमा आउनुभएका एरिकले सहयोगका लागि समन्वय गर्नुभएको हो । प्रधानाध्यापक रावतले भन्नुभयो, "पहिराले विद्यालय जोखिममा परेको देखेपछि उहाँहरू विद्यार्थीका बारेमा चिन्तित हुनुभएको थियो ।

स्वीट्जरल्याण्ड फर्केर सहयोग गर्ने प्रतिबद्धता जनाए पनि हामीहरू विश्वस्त थियनौं तर हामीले आशा गरेभन्दा पनि बढी रकम सहयोग पाउँदा खुसी भएका छौं ।" पहिरो रोकथामका लागि गत वर्ष प्रदेश सरकार गाउँपालिकाबाट रु पाँच लाखका दरले बजेट विनियोजन भएर काम भए पनि अझै धेरै काम बाँकी छ । संरक्षणका कामका लागि रु ३५ लाख खर्च लाग्ने अनुमान गरिए पनि चालु वर्षमा भने प्रदेश र पालिकाबाट बजेट विनियोजन नभएको विद्यालयले जनाएको छ ।

स्वीसका दुई नागरिकबाट सहयोग रकम प्राप्त भएपछि छिट्टै काम अघि बढाइने प्रधानाध्यापक रावतले जानकारी दिनुभयो । "हाम्रो विद्यालयका लागि उहाँहरूले ठूलो सहयोग गर्नुभएको छ । उहाँहरूको चाहना अनुसानै विद्यालयको भवन संरक्षणका काम अघि बढाउँछौं ।" उहाँले भन्नुभयो । ती स्वीस नागरिक विद्यालय भ्रमणका बेला विद्यालयको शैक्षिक र व्यवस्थापकीय वातावरण, कम्प्युटर र प्रयोगशाला लगायतका पूर्वाधारबाट उत्साहित भएका थिए ।

# उर्जासचिव...

पोखरेलले आयोजनाका बारेमा जानकारी गराउनुभएको थियो ।

ऊर्जासचिव घिमिरेले आयोजनाको स्थलगत अवलोकनपछि आफूहरूले सही ठाउँमा लगानी गरेछौं भनेर ढुक्क भएर फर्किने अवस्था रहेको बताउनुभयो । आयोजना सम्पन्न हुने चरणमा पुगेकामा उहाँले खुसी व्यक्त गर्नुभयो । देशको ऊर्जा क्षेत्रको विकासमा निजी ऊर्जा उत्पादकहरूको ठूलो भूमिका रहेको भन्दै सचिव घिमिरेले अझ ठूला परियोजनामा लगानी बढाउन उहाँले आह्वान गर्नुभयो ।

भिजन लुम्बिनीका कार्यकारी अध्यक्ष जगत्बहादुर पोखरेलले आयोजना सम्पन्न हुने चरणमा पुगेको बताउनुभयो । आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन (प्रसारण लाइन) निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो । कम्पनीका अनुसार ढिलोमा पनि आगामी मङ्सिरभित्र आयोजना सम्पन्न भएर व्यावसायिकरूपमा विद्युत् उत्पादन हुनेछ । स्थानीयवासी, स्थानीय सरकार र प्रशासनको सहयोगबाटै आयोजना तोकिएको समयमा सम्पन्न हुन लागेको अध्यक्ष पोखरेलले बताउनुभयो ।

सार्दिखोलाको भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत पानी ल्याएर एक सय ८७ मिटर उचाइबाट पावरहाउसमा खसालेर विद्युत् उत्पादन गर्ने योजना छ । पाइपमार्फत लगिएको पानी पावरहाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुईवटा टर्वाइनमा खसालिने छ । सो आयोजना नदी जलप्रवाहमा आधारित छ । सेती जलविद्युत् आयोजनामा रु पाँच अर्ब लगानी रहेको छ । यसमा रु तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् । अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर पूरा गरिने आयोजना प्रमुख इन्जिनियर लेखनाथ पाण्डेले बताउनुभयो ।


# गठबन्धन तोड्न खोज्ने षड्यन्त्रप्रति सचेत रहनुस् : अध्यक्ष नेपाल

रासस
काठमाडौं, ६ साउन

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले घुमिफिरी वर्गशत्रु भनेको कांग्रेस हो भन्ने पारेर अहिलेको गठबन्धनलाई तोड्न खोज्ने अनेक षड्यन्त्रप्रति सचेत रहन नेता तथा कार्यकर्तालाई सुझाव दिनुभएको छ ।

समाजवाद अध्ययन केन्द्र नेपालद्वारा शनिबार यहाँ आयोजित समाजवाद बहस र सङ्घर्ष विषयक कार्यक्रममा उहाँले व्यवहार र सिद्धान्त सोचेजस्तो नभएकाले मुलुकको आवश्यकता, धरातल र यथार्थ बुझेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो, "कतिपय कम्युनिष्ट पार्टी प्रतिगामीसँग हातेमालो गरिरहेका छन् । दलभित्रका कमी-कमजोरी र सीमालाई बुझेर सङ्गठन विस्तार र शक्ति वृद्धिमा ध्यान दिन आवश्यक छ ।"

पूँजीवाद अस्तित्वको सङ्कटमा पुगेको र मुलुक समाजवाद हुँदै साम्यवादमा प्रवेश गर्ने निश्चित रहेको बताउँदै अध्यक्ष नेपालले उग्रवामपन्थ र दक्षिणपन्थको भासमा डुबेका कम्युनिस्टलाई ठीक मार्गमा हिँडाउने एउटै उपाय भनेको वैज्ञानिक समाजवाद भएको धारणा राख्नुभयो । विश्वमा कम्युनिस्ट पार्टी धरमराइरहेको अवस्थामा नेपालमा भने लोकप्रिय दलका रूपमा उदाएको प्रसङ्ग उल्लेख गर्दै उहाँले व्यक्तिवादी प्रवृत्ति र विकृतिलाई समयमै चिरफार गर्न सकिएन भने अनेक चुनौतीको सामना गर्नुपर्ने चेतावनी दिनुभयो । पूर्वप्रधानमन्त्री नेपालले भन्नुभयो, "समाजवाद जनताका हित र कल्याण गर्ने व्यवस्था हो, राजनीतिलाई जनतादेखि जनतासम्मको धारमा मोड्नुपर्छ, हामी जनताका पीडा र वेदनासँग जोडिनुपर्छ, नेपालमा कम्युनिष्ट पार्टीको भविष्य उज्यालो छ ।"नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष पम्फा भुसालले नेपालमा कम्युनिस्ट पार्टी हराभरा र ठीक मार्गबाट अघि बढिरहेको बताउनुभयो । उहाँले मुलुकको अभिभारा र माग रहेकाले एउटै बलियो कम्युनिस्ट पार्टी बनाएर समाजवाद हासिल गर्ने लक्ष्यमा अघि बढ्नुपर्ने आजको आवश्यकता भएको स्पष्ट गर्नुभयो । उपाध्यक्ष भुसालले भन्नुभयो, "समाजवाद अहिले रक्षात्मकरूपमा रहेको छ, सबै दलको कार्यदिशा समाजवाद नै बनेर अघि बढिरहेको छ । एउटै बलियो कम्युनिस्ट पार्टी नभई समाजवाद हासिल गर्न सकिन्न ।"

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# कांग्रेस र कम्युनिस्टले बिर्सेको बाटो

नेपालको राष्ट्रिय हित र नेपाली जनताको मुक्तिको लागि पार्टी स्थापना गरेर जीवनकाल भरी सर्घषरत स्वर्गीय वीपी कोइराला र पुष्पलाल दुई सपुतलाई देशैभरी सम्झने गरिन्छ । हरेक वर्षको साउन ६ र ७ गते नेपाली आमाका दुई सपुत स्व.वी.पी कोइराला र पुष्पलाल श्रेष्ठलाई नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीले सम्झने गर्दछन । नेपालमा जहानीया राणा शासनको अन्त्य गरि बहुदलीय लोकतन्त्र स्थापना गर्न उनीहरुले गरेको संघर्ष र योगदानहरुको चर्चा हुने गरेको छ । नेपाली कांग्रेसका संस्थापक एवं पहिलो जननिर्वाचित प्रधानमन्त्री वी.पी कोइरालाको निधन भएको ४१ वर्ष भएको छ । आज भन्दा ४१ वर्ष अघि २०३९ साल साउन ६ गते वी.पी को निधन भएको थियो । नेपाल कम्युनिष्ट पाटीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको निधन भएको ४५ वर्ष भएको छ। पुष्पलालको २०३५ साल साउन ७ गते भारतको गोविन्द बल्लव पन्त अस्पतालमा निधन भएको थियो । वी.पी.को निधन क्यान्सर बाट भएको थियो भने पुष्पलालको मुटुको व्यथाबाट । वी.पी. राष्ट्रियता, प्रजातन्त्र र समाजबादको लागि जीवन भर लडिरहेका थिए भने पुष्पलाल नेपालमा नौलो जनबाद र समाजबाद स्थापना गर्नको लागि आर्थिक, राजनैतिक र संस्कृतिक हकअधिकारका लागी मृत्यु पर्यन्त लडिरहे ।

नेपालमा जहानिय राणा शासन र निरंकुश निर्दलीय व्यवस्था विरुद्ध लडदै आएका वी.पी. र पुष्पलालको आर्दशबाट अहिलेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरु प्रभावित भएर राजनीतिमा होमिएका हुन । वी.पी. र पुष्पलालको शालीकमा माल्यार्पण गर्ने देखि उनीहरुको आर्दशको बारेमा विभिन्न कार्यक्रम गरी चर्चा गर्ने गरिन्छ । नेपालमा पुष्पलालले स्थापना गरेको कम्युनिस्ट पार्टीका नेताहरु आपसी झगडाले गर्दा दक्षिणपन्थी शक्तिलाई राष्ट्रपति बनाएर कम्युनिस्टलाई कमजोर बनाएका छन । वीपीले स्थापना गरेको नेपाली कांग्रेस आफ्ना नेताको आदर्श, मूल्यमान्यतालाई तिलाञ्जली दिएर अहिले सरकारमा रमाइरहेको छ । कांग्रेस वीपीको आदर्श छाडेर सत्ताका लागि जे गर्न पनि तयार भएको छ । देशको राष्ट्रिय हित भन्दा विदेशीलाई खुशी बनाउन तल्लीन छ । छिमेकीसंगको सन्तुलित नीति छाडेर शक्ति राष्ट्रको पोल्टामा जान तयार भएको छ । कम्युनिष्ट पार्टीहरु एकताबद्ध हुन छाडेर चिराचिरामा विभाजित भएका छन । नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिल्न नसक्दा काङ्ग्रेसलाई गुरु थापेर माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले सरकार चलाएका छन् । नेताहरू देश र जनताको हित भन्दा आफ्नो स्वार्थ र गुटस्वार्थमा लाग्दा कम्युनिस्ट पार्टीको भबिस्य नै खतरामा पर्ने देखिएको छ । पुष्पलालको नेपालमा एउटै कम्युनिष्ट पार्टी वनाउने इच्छा नेपालको स्वाभिमान कायम गर्दै जनताको मुहारमा खुशी ल्याउने हो । त्यो आकांक्षा माथि नेताहरूले खेलवाड गरेका छन् । नेताहरुको सिद्धान्त हिन, स्वार्थी स्वभावका कारण कम्युनिष्टहरु साना साना पार्टीमा बिभक्त छन् । दक्षिणपन्थी शक्तिलाई धुरी मानेर पार्टी विभाजन गरेर गोत्र हसाउने काम गरेका छन । देश पहिलो ठानेर सामाजिक न्याय सहितको विकास गरेर सुखि नेपाली वनाउने अभिभारामा विश्राम लागेको छ । जनतालाई रुवाएर पारिवारिक स्वार्थ र गुट रक्षाका लागि राष्ट्रियता कमजोर बनाउने काम गरेका छन । विदेशीको शिखण्डी बनेर नेपाल राष्ट्र ,नेपाली जनतको स्वाभिमान गिराउन तल्लीन छन ।

२०१७ सालमा वि.पी. को दुई तिहाईको सरकार विरुद्ध जुनखेल खेलिएको थियो कम्युनिस्ट पार्टीको सरकार हटाउन सबै शक्ति प्रयोग भयो । नेपालले सात दशक देखिको राजनीतिक संक्रमण अन्त्य गरि स्थिरता तर्फ देश जान लागेको ठानिएको थियो त्यसमा ठेस लागेको छ । दक्षिणपन्थी र नवउदावादको वकालत गर्नेहरु उदाउन थालेका छन । जुन उद्देश्यका लागि लडेका कांग्रेस कम्युनिष्ट अहिले आदर्शबाट च्युत भएका कारण नयाँ शक्तिको उदय भएको छ । विदेशी शक्तिले खेल्ने मौका पाएका छन । राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाएका छन । काङ्ग्रेस संस्थापककोआदर्श भुलेर हल न चलको अवस्थामा पुगेको छ । केही पार्टीबाट पाखा लगाइएका छन। दुई तिहाईको वि.पी. नेतृत्वको सरकार हटाउँदा देशले कति ठुलो मुल्य चुकाउनु पर्‍यो भन्ने कुरा अहिलेको नेकपा एमाले,माओवादी, एकीकृत समाजवादी र काङ्ग्रेस नेतृत्वले बिर्सेर क्षणिक स्वार्थ हेर्दा प्राप्त उपलब्धि गुम्ने, विदेशीले खेल्ने र खेलाउने मौका दिएको छ । काङ्ग्रेस र कम्युनिष्टका नेताहरु गम्भिर नबन्दा पुष्पलाल र वि.पी.को स्मरण गर्नु बिरालो बाँधेर श्राद्ध गर्नु जस्तै हो । देखाउनका लागि वीपी र पुष्पलालको स्मृति गरेर पुग्दैन । राजनीतिक स्थिरता, राष्ट्रिय स्वाभिमान, जनताको जीवनमा परिवर्तनका लागि काम गर्ने अठोट चाहिन्छ । जनता रोग, भोक, अनिश्चित भविष्यबाट छट्पटी परेको बेला जनताका सवाललाई सम्बोधन नगरी कुर्सीको खेलमा लाग्दा पार्टीका संस्थापक नेपाल आमाका सपूतप्रती श्रद्धा गरेको ठहर्दैन । वीपी र पुष्पलाललाई सम्झनु भनेको देशको स्वाभिमान कायम राख्नु, बहुदलीय लोकतन्त्रलाई संस्थागत गर्नु, सिद्धान्तलाई ब्यवहारमा उतार्ने र सामाजिक न्याय स्थापना गर्न लाग्ने प्रण गर्नु हो । पुरानाको त्याग, समर्पण, ईमानदारीलाई संझनु वीपी र पुष्पलाल संझनु हो । क्षणिक सत्ता स्वार्थमा तल्लिनहरुलाई विस्थापित गरेर राजनीति भनेको देश र जनताको लागि सेवा गर्ने हो । राजनीति मुल्य र मान्यताको आधारमा हुन्छ भन्ने अवस्था सृजना हुन सके विपि र पुष्पलालको बाटो पछ्याउन सकिन्छ । देशलाई बचाउन, जनताको मुहारमा खुशी ल्याउन सकिन्छ । नेपाली आमाका सपूत वीपी र पुष्पलालप्रति श्रद्धा सुमन !


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# छ वर्षमा पनि पूरा भएन अस्पताल भवन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ साउन

बेनी अस्पतालको ५० शय्या क्षमताको भवन निर्माणले छ वर्षमा पनि पूर्णता पाउन सकेको छैन ।

चार वर्षअघि सकिनुपर्ने भवनको हालसम्मको भौतिक प्रगति ७५ प्रतिशत छ । भवन निर्माणमा भएको ढिलासुस्तीका कारण बिरामीको उपचार प्रभावित भएको बेनी अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र सुवेदीले बताउनुभयो।"पचारस शय्या क्षमता भए पनि १५ शय्याको संरचना र पूर्वाधारबाट सेवा दिनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो, "अस्थायी, पुराना र साँघुरा भवनमा अस्पताल सञ्चालन गर्न समस्या भएको छ।" म्याग्दीका साथै पर्वत, बागलुङ र मुस्ताङका सर्वसाधारणले सेवा लिने अस्पतालले छ वर्षयता अस्थायी संरचनाबाट सेवा सञ्चालन गर्दै आएको छ। सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले विसं २०७३ मङ्सिर २१ गते भवन निर्माणका लागि महादेव खिम्ती-गल्वा-रफिना जेभीसँग रु १८ करोड ८४ लाख आठ हजार ८९ मा ठेक्का सम्झौता गरेको थियो । रु २४ करोड चार लाख २९ हजार ८६९ लागत अनुमान गरिएको भवन विसं २०७६ मङ्सिर २० गते निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता थियो । तेस्रो पटक थपिएको म्याद असार महिनामा सकिएको छ । दैनिक पाँच/छ जनाको अनुपातमा मजदुरले काम गर्दै आएका छन् ।

आयोजनाका इञ्जिनियर पङ्कज सिंहका अनुसार चार हजार नौ सय ६३ वर्गमिटर क्षेत्रफलमा बनाउन लागिएको चार तले तीन वटा भवनको एउटा भवनको एउटा तला ढलान, झ्यालढोका राख्न, विद्युत्, पानी जडान, रङरोगन र टायल राख्न बाँकी छ।

हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको उहाँले बताउनुभयो । पन्ध्र शय्या क्षमताको अस्पताल २०७२ मा पचास शय्यामा स्तरोन्नति भएको थियो । नयाँ भवन बनाउन अस्पतालको पुरानो भवन भत्काइएको थियो । बहिरङ्ग कक्षको सेवा अस्थायी भवनबाट सञ्चालन गरिएको छ । आकस्मिक र अन्तरङ्ग कक्ष पुरानो प्रशासनिक भवनबाट सञ्चालन गरिएको छ । स्वास्थ्य कार्यालयको भवनमा अस्पताल प्रशासन र व्यवस्थापन समितिको कार्यालय राखिएको छ । अस्पतालका प्रमुख चिकित्सक डा अञ्जु थापाले भवन अभावमा विशेषज्ञ चिकित्सक आउन नमान्ने, म्याग्दीले पाउनुपर्ने हब अस्पतालको कार्यक्रम अन्यत्र जिल्लामा गएको बताउनुभयो । सघन उपचार कक्ष (आइसियु) र डायलासिस कक्ष पनि स्वास्थ्यकै भवनमा स्थापना भएको छ । भूकम्प प्रतिरोधी क्षमताको भवन अपाङ्गमैत्रीसमेत हुनेछ । भुइँतलामा लोन्डरी, मोर्टुअरी, किचन, पहिलो तलामा इमर्जेन्सी, ल्याब, रेडियोलोजी, पहिलो तलामा अपरेसन थियटर, बहिरङ्ग सेवा र अन्तिम तलामा प्रशासन रहने जनाइएको छ । भवन निर्माणमा भएको ढिलासुस्तीका विषयमा पालिका, जिल्ला, प्रदेश र प्रतिनिधिसभाका जनप्रतिनिधिले सम्बद्ध आयोजना कार्यालय, सहरी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)को ध्यानाकर्षण गराउँदै आएका छन् । गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली र सांसद हरि भण्डारीले गत फागुनमा प्रधानमन्त्री दाहाललाई भेटेर सचिवालयमार्फत मन्त्रालयका सचिव, विभागका महानिर्देशक र साझेदार महादेव खिम्तीका सञ्चालकसमेत रहेका निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहलाई फोनमार्फत ताकेता गर्नुभएको थियो । उच्चस्तरबाट दबाब सिर्जना गरेपछि गत चैत महिनामा दुई वर्षपछि काममा फर्किएका निर्माण व्यवसायीले भवन निर्माणलाई तीव्रता दिन सकेका छैनन् । मन्त्री जुग्जालीले यसअघिको तुलनामा सुधार भए पनि अझै गति दिन भवन निर्माणस्थलबाटै निर्माण कम्पनीका प्रतिनिधिलाई ताकेता गरिएको बताउनुभयो । सरोकारवालाको चौतर्फी दबाब र ताकेतापछि गत चैत महिनामा दुई वर्षपछि निर्माण व्यवसायी काममा फर्किएका थिए । निर्माण कम्पनीका प्रतिनिधि रविन जोशीले आयोजना कार्यालयमा पेश गरेको बिलको रकम भुक्तानीमा भएको ढिलाइका कारण निर्माण सामग्री जुटाउन र मजदुर परिचालन गर्न समस्या भएको बताउनुभयो ।

# 'हिमालको ऐना' बराह ताल

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ साउन

शिरानमा घना जङ्गल । पूर्वतर्फ मोहोडा गरेको सुन्दर समथर फाँट । जताततै हरियाली नै हरियाली । गुजुल्टो परेको बस्ती । बस्तीको माथिल्लो र जङ्गलको तल्लोपट्टि उत्तर-पश्चिम लमतन्न फैलिएको नेपालको नक्सा आकारको निस्कोट बराह ताल ।

म्याग्दीको मालिका गाउँपालिका-१ मा पर्ने निस्कोट गाउँको शिरानमा रहेको बराहताल अलि टाढाबाट हेर्दा नेपालको नक्साजस्तै देखिन्छ । यो तालमा धौलागिरि हिमालको प्रतिविम्ब स्पष्टसँग देखिने हुनाले यस ताललाई 'हिमालको ऐना' पनि भनेर चिनिन्छ । निस्कोट सामुदायिक वनको पुछारमा रहेको यो ताल उत्तरपश्चिम भएर फैलिएको छ । क्षितिजमा धौलागिरि हिमाल देखिन्छ भने सोही हिमालको प्रतिविम्ब तालमा देख्दा यहाँ पुग्ने आन्तरिक पर्यटक छक्कै पर्ने मालिका-१ का वडाध्यक्ष टङ्कप्रसाद पुनले बताउनुभयो । उहाँका अनुसार गाउँको शिरानमा र जङ्गलको पुछारमा रहेको यो ताल कहिल्यै पनि फोहर हुँदैन । यहाँ जङ्गलका पात पतिङ्गर परिहाले भने पनि पन्छी (चरा) हरूले चुच्चोले टिपेर बाहिर फ्याक्ने गर्दछन् । निस्कोट गाउँमा पुगेपछि घना वनजङ्गलको बीच भाग र केही मानव बस्ती रहेको ठाउँमा बराहतालको लोभलाग्दो दृश्य हेर्न पाइन्छ । समुद्री सतहदेखि दुई हजार तीन सय मिटरको उचाइमा अवस्थित बराहताल र तालको आसपासबाट मनोरम हिमशृङ्खला देखिन्छन् ।

बराहताल क्षेत्रबाट संसारको सातौँ तथा नेपालको दोस्रो अग्लो चुचुरो धौलागिरि हिमालको साथै गुर्जा, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मानापाथीलगायतका आधा दर्जनभन्दा बढी हिमाल र मनोरम दृष्यको प्रत्यक्षरुपमा अवलोकन गर्न सकिने वडाध्यक्ष पुनले बताउनुभयो । बराहतालमा वन जङ्गल र हिमालसमेत आकर्षकरुपमा देखिने निस्कोटका स्थानीय रमेश पुनले बताउनुभयो ।

रोमाञ्चक भू-बनोट, हरियाली र विविधताले युक्त सुन्दर गाउँ, मनमोहक प्रकृति र यही प्रकृतिको नेरोफेरोमा रहेको चित्ताकर्षक बराहतालले अहिले पर्यटकलाई पर्खिरहेको छ । पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको र मौसम खुलेको समयमा आँखै अगाडि सेताम्मे हिमालको लर्कन देखिने निस्कोटको बराह तालमा थोरै पर्यटक पुग्छन् । भौगोलिकरुपमा विकट र प्रचारप्रसारको अभावमा थोरै पर्यटक पुगे पनि यहाँ पुग्ने पर्यटक मज्जाले रमाउने गर्दछन् । झण्डै दुई रोपनीको क्षेत्रफलमा फैलिएको बराहतालको आवश्यक संरक्षण, प्रचारप्रसार तथा प्रवर्द्धन गर्नुपर्ने आवश्यकता रहेको स्थानीयवासी बताउँछन् ।

हिमालको वरिपरि लुकामारी खेलिरहने बादलको घुम्टोले अझै सुन्दरता थपिदिन्छ । पहाड र आकाश जोडिएको क्षितिजमा पर्ने हिमाल अनि तालमा देखिने हिमालको दृष्यले त्यहाँ पुग्नेलाई अचम्मित बनाउँछ । निस्कोट गाउँमा पुग्ने जो कोही पनि बराहतालको अवलोकन गर्न तथा ताललाई पृष्ठभूमिमा पारेर फोटो र सेल्फी खिच्न भनेर त्यहाँ जाने गरेका छन् । निस्कोट गाउँबाट आधा घण्टाको दूरीमा पर्ने बराहताल स्थानीयका अनुसार झण्डै २० फिट गहिरो रहेको अनुमान गरिएको छ । निस्कोट मालिका गाउँपालिकाको दक्षिण भागमा पर्दछ । कूल १७ दशमलव तीन वर्गकिमीमा फैलिएको निस्कोटमा जम्मा एक हजार नौ सय ९४ जनसङ्ख्या रहेको छ । जसमध्ये महिला एक हजार २६ र पुरुष नौ सय ६८ रहेका छन् । यो वडा मङ्गला गाउँपालिका र बागलुङ जिल्लासँग जोडिएको छ । निस्कोटमा मकै, कोदो, गहुँ, जौ, बाली हुन्छ । साउन महिनामा निस्कोटमा रहेको बराहतालको दृष्य निकै नै रमणीय देखिने स्थानीय वुद्ध विकले बताउनुभयो ।

# मनसुनी वर्षा ३७ प्रतिशत मात्रै

**रासस**
काठमाडौं, ६ साउन

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको हावापानी विश्लेषण शाखाका अनुसार जारी मनसुनमा हालसम्म देशभर ३७ प्रतिशत मनसुनी वर्षा भएको छ ।

शाखाका मौसमविद् सुदर्शन हुमागाईंका अनुसार जुन १ देखि जुलाई २१ तारिखसम्म देशभर सरदर पाँच सय ३८ दशमलव दुई मिलिमिटर वर्षा भएको छ । जुन सरदर वर्षाकै हाराहारीमा छ । पुरै मनसुन अवधिभर अर्थात् चार महिनामा नेपालमा एक हजार चार सय ६२ मिलिमिटर वर्षा हुन्छ ।

यस वर्षको मनसुन गत जेठ ३१ गतेदेखि नेपालमा प्रवेश गरेको थियो । नेपालमा सरदर जुन १३ देखि अक्टोबर २ तारिखसम्मको अवधिलाई मनसुन मानिन्छ । यसअघि विगतका वर्षभन्दा यो वर्ष मनसुनी वर्षामा हुने प्रक्षेपण गरिएको थियो । यसैबीच महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । सबै प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

# म्याग्दी नदीको पानी बेनीमा वितरण गरिँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ साउन

म्याग्दी नदीको पानी तानेर बेनी बजारमा वितरण गर्न थालिएको छ । खडेरी, मुहान सुक्दा, पाइप फुटेको, पहिराका कारण बेनीमा खानेपानी आपूर्ति बन्द भई हाहाकार मच्चिने समस्या हटाउन विकल्पमा म्याग्दी नदीको पानी तानेर वितरण गर्ने व्यवस्था मिलाइएको हो ।

बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष माधवप्रसाद रेग्मीले नियमित र पर्याप्त शुद्ध खानेपानी आपूर्तिका लागि म्याग्दी नदीबाट 'लिफ्टिङ' गर्न थालिएको जानकारी दिनुभयो । "लिफ्ट खानेपानी योजनाको परीक्षण सफल भएको छ", उहाँले भन्नुभयो, "म्याग्दी नदीबाट लिफ्टिङ हुन थालेपछि बेनीमा खानेपानी वितरणका लागि लोडसेडिङ गर्नुपर्ने समस्या हटेको छ ।" सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीले बेनी खानेपानी आयोजनाको क्षमता विस्तार कार्यक्रमअन्तर्गत विसं २०७८ असोजमा काठमाडौँको एएम प्याराडाइजसँग रु दुई करोड ४६ लाखमा ठेक्का सम्झौता गरेको थियो । म्याग्दी नदी किनारमा १० मिटर अग्लो इनार बनाउने, पानी तान्ने सम्पवयल, विद्युत्, पाइपलाइन जडान गर्ने काम सकेर पानी 'पम्पिङ' गर्न थालेको निर्माण कम्पनीका आयोजना व्यवस्थापक अजय तिमिल्सिनाले बताउनुभयो ।

"आठार महिनाको ठेक्का अवधि हो । पानी शुद्धीकरण गर्ने पलान्ट निर्माणस्थलमा निर्माण सामग्री ढुवानी गर्न असहज र पहिरो खसेकाले छ महिना म्याद थपिएको छ", उहाँले भन्नुभयो, "अबको दुई महिनाभित्र बाँकी संरचना निर्माण सकेर हस्तान्तरण गर्छौं ।" बेनी खानेपानी उपभोक्ता संस्थाको पुरानो ट्याङ्कीमा म्याग्दी नदीबाट तानेको पानी हालेर वितरण गर्न थालेको जनाएको । बेनी-नगरपालिका-२ हाडेभिरमा जमिनको सतहदेखि सात मिटर गहिरो इनारभित्र तीन वटा विद्युत्को सहायताले चल्ने पानी तान्ने समसिवल पम्प राखिएको छ ।

इनारदेखि एक सय ३० मिटर उचाइमा बेनी बजारको शिरमा रहेको बराहपाखोस्थित रिजर्भ ट्याङ्कीसम्म पानी पुर्‍याउन करिब नौ सय मिटर चार इञ्चको जिआइपपाइप जडान गरिएको आयोजनाका इञ्जिनियर नवीन सुवेदीले बताउनुभयो ।

"हाल दुई वटा पम्पबाट प्रतिसेकेण्ड १० लिटरका दरले पानी तानिएको छ", उहाँले भन्नुभयो, "तीनवटै पम्प चलाउँदा प्रतिसिकेण्ड १५ लिटरका दरले पानी आपूर्ति गर्न सकिन्छ ।" आयोजनामार्फत बराहपाखोमा तीन लाख ४० हजार लिटर क्षमताको रिजर्भ टङ्याकी निर्माण भइसकेको छ । ५.९४ घनलिटर क्षमताको दुई वटा पानी शुद्धी गर्ने गर्ने फिल्टर प्लान्ट निर्माण अन्तिम चरणमा पुगेको छ । नयाँ प्रविधिको सेडिमेशन र सो सान्डफिल्टर ट्याङ्की बनाउन लागिएको हो ।

आयोजनाले दुई वर्षअघि बेनी खानेपानी आयोजनाको क्षमता विस्तारका लागि रु ४२ लाख ८१ हजार आठ सय २० को लागतमा दुई लाख लिटर क्षमताको ट्याङ्की निर्माण गरेको थियो । आयोजनाको हाल एक लाख लिटर क्षमताको एक वटा र दुई लाख लिटर क्षमताको दुई वटा रिजर्भ ट्याङ्की छन् । मुहानबाट ट्याङ्कीमा सङ्कलन हुने पानी शुद्धीकरण गरेर वितरण गर्ने संरचना तयार पार्न लागिएको हो । बेनी नगरपालिकाको ७, ८ र २ नम्बर वडाका एक हजार एक सय घरधुरीलाई रिठाखर्क, पुम्दी र कोप्रेको मुहानबाट प्रतिसेकेण्ड ३३ लिटरका दरले पानी आपूर्ति हुने क्षमता छ । दैनिक पाँच लाख ६० हजार लिटरका दरले खानेपानी वितरण गरिँदै आएको बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका प्रबन्धक यामबहादुर विकले बताउनुभयो । २७ किलोमिटर दूरीको रिठाखर्क र पुम्दीको मुहानबाट आपूर्ति हुने पानी पहिरो र निर्माणाधीन बेनी-जोमसोम सडकका कारण प्रभावित भएको थियो ।

# 'लम्पी स्किन'बाट चार सय गाईभैँसी मरे

**रासस**
नवलपुर, ६ साउन

नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा लम्पी स्किनका कारण छ हजार २४ पशुचौपाया सङ्क्रमित भएका छन् । जिल्लामा यस रोगबाट हालसम्म चार सय १३ गाईभैँसीको मृत्यु भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख पशु चिकित्सक डा ऋषभ गुरागाईंले जिल्लाका गाईभैँसीमा लम्पी स्किन महामारीका रूपमा फैलिएको बताउनुभयो । "जिल्लामा लम्पी स्किन नियन्त्रणका लागि खोप तथा औषधिको व्यवस्था गरिएको भए पनि नियन्त्रण बाहिर गएको छ", उहाँले भन्नुभयो, "लम्पी स्किनबारे सचेतना जगाउँदै सावधानी अपनाउनु नै अहिलेका लागि लम्पी स्किनको जोखिमबाट जोगिन सकिन्छ ।"

उहाँले जिल्लाको कावासोती नगरपालिकामा लम्पी स्किनको सङ्क्रमणदर उच्च रहेको बताउनुभयो । कावासोतीमा हालसम्म सबैभन्दा बढी एक सय ५१ पशु चौपाया मरेका जनाउँदै डा चापागाईंले दुई हजार १३ पशु लम्पी स्किनबाट सङ्क्रमित भएका जानकारी दिनुभयो । मध्यविन्दु नगरपालिकामा लम्पी स्किनबाट ९७ पशुको मृत्यु भएको तथा हालसम्म एक हजार एक सय ८० गाईभैँसी सङ्क्रमित भएका उहाँले बताउनुभयो । चापागाईंका अनुसार देवचुली नगरपालिकामा लम्पी स्किनबाट हालसम्म ६४ गाईभैँसीको मृत्यु हुँदा पाँच सय ८१ सङ्क्रमित भएका छन् ।

यसैगरी विनयी त्रिवेणी गाउँपालिकामा एक हजार एक सय ९० गाईभैँसी सङ्क्रमित तथा २२ को मृत्यु भएको उहाँले बताउनुभयो । बौदिकाली गाउँपालिका एक सय ८४ गाईभैँसीमा लम्पी स्किनको सङ्क्रण देखिएको उल्लेख गर्दै पशु चिकित्सक चापागाईंले ३६ गाईभैँसीको मृत्यु भएको बताउनुभयो ।

गैँडाकोट नगरपालिकामा लम्पी स्किनबाट २१ गाईभैँसीको मृत्यु हुनुका साथै चार सय २३ सङ्क्रमित, हुप्सेकोट गाउँपालिकामा १४ पशुको मृत्यु तथा तीन सय ३१ सङ्क्रमित एवं बुडिलटार गाउँपालिकामा आठ गाईभैँसीको मृत्यु तथा एक सय २२ सङ्क्रमित भएका उहाँले जानकारी दिनुभयो । भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जिल्लाका आठवटै स्थानीय तहमा लम्पी स्किन रोगविरुद्धको खोप वितरण गरेको छ । लम्पी स्किन रोग न्यूनीकरण एवं रोकथामका लागि छ हजार भ्याक्सिन खरिद गरेर स्थानी तहमा पठाइएको कार्यालय प्रमुख पशु चिकित्सक डा चापागाईंले बताउनुभयो । सङ्क्रमण थप फैलन नदिन भन्दै जिल्लाका देवचुली, गैँडाकोट र कावासोती नगरपालिका तथा विनयी त्रिवेणी गाउँपालिका आफैँलेसमेत खोप खरिद गरेर गाईभैँसीलाई लगाएको उहाँले जानकारी दिनुभयो ।

# फुटबल मैदान छ, प्रतियोगिता छैन

**–धनबहादुर गुरुङ**
अन्नपूर्ण, ६ साउन (रासस)

कास्की जिल्ला फुटबल सङ्घ (एन्फा) कास्कीका पूर्वअध्यक्ष खेम गुरुङलाई पोखरा रङ्गशालास्थित फुटबल मैदान चिरीच्याट्ट बनेकामा निकै खुसी हुनुहुन्छ तर, भव्य रङ्गशालामा खेल गतिविधि कम हुँदा चिन्तित हुनुहुन्छ । उहाँपोखरा रङ्गशालामा तुलनात्मक रुपमा फुटबल गतिविधि कम भएको बताउनुहुन्छ ।

"पोखरा रङ्गशाला ठूला-ठूला प्रतियोगिता आयोजना गर्न सक्षम बनेको छ तर प्रतियोगिता साह्रै कम भयो", एन्फा कास्कीका पूर्वअध्यक्ष गुरुङ भन्नुहुन्छ, "कास्की एन्फा सुस्ताएको जस्तो देखियो ।" यतिको राम्रो मैदानमा फुटबलको मौसम ल्याउन सक्नुपर्ने उहाँको सुझाव छ । उहाँले भन्नुभयो, "अहिले सहारा क्लब पोखराको आयोजनामा आहारारा गोल्डकप हुन्छ तर भव्य रङ्गशाला एन्फाबाट कुनै कार्यक्रम नभएकाले रङ्गशाला भए-नभएको कुनै फरक छैन ।"

आन्तरिक प्रतियोगिता गर्दै अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि पहल गरिनुपर्ने पूर्वअध्यक्ष गुरुङको भनाइ छ । गण्डकी प्रदेशकै उत्कृष्ट रङ्गशाला कास्कीमा भएकाले कास्की एन्फा चलायमान हुनुपर्ने गुरुङले बताउनुभयो । एन्फा कास्कीको पोखरा गोल्डकप नभएको धेरै वर्ष भइसक्यो । यसको निरन्तरतामा पनि एन्फा कास्कीले कुनै धारणा सार्वजनिक गर्न सकेको छैन । सवा अर्ब लागतमा निर्माण भएको पोखरा रङ्गशाला चिरीच्याट्ट छ । भित्री र बाहिरी संरचना हेर्दा युरोपियन देशको भन्दा कम छैनन् । उत्तरतिरका हिमालले यसको सुन्दरता झनै बढाएको छ । यो मैदानमा खेलेर आनन्द लिने धेरैको रहर र सपना हुन्छ । यद्यपि यति बजोडको रङ्गशालामा नगन्य प्रतियोगिताले धेरैको सपना पूरा हुन सकेको छैन । यहाँमा गत आव २०७९/८० मा आठ वटा मात्र प्रतियोगिता भए ।

कास्की जिल्ला फुटबल सङ्घ (एन्फा) कास्की अध्यक्ष उज्ज्वल रञ्जितका यस वर्ष आठ मात्र प्रतियोगिता भएका छन् । नवौँ राष्ट्रिय खेलकुदअन्तर्गतको पुरुष फुटबल प्रतियोगितासँगै आहारारा गोल्डकपलाई यहाँ भएको ठूलो प्रतियोगिताका रुपमा लिन सकिन्छ । यसबाहेक स्पेनिस फुटबल क्लब काथेरेन्यो सिपी र गण्डकी प्रदेशबीचको मैत्रीपूर्ण खेललाई अन्तर्राष्ट्रिय प्रतियोगिताका रुपमा हेरिएको छ । योसँगै सङ्गम क्लबको आयोजनामा क्लबस्तरीय फुटबल प्रतियोगिता, प्याब्सन र एनप्याब्सनको खेल, गण्डकी विश्वविद्यालयको जियु कप र पोखरा महानगरको वडाकप प्रतियोगिता यहाँ भए । एन्फा कास्की अध्यक्ष उज्ज्वल रञ्जित भने आफूहरूलाई जिम्मेवारी नदिँदा व्यवस्थापनमा समस्या परेको बताउँछन् । पश्चिमाञ्चल खेलकुद परिषद् व्यवस्थापनको काम हेरिरहेकामा एन्फा कास्कीलाई केही जिम्मेवारी हुनुपर्ने अध्यक्ष रञ्जित भनाइ थियो । "यसलाई कास्की जिल्ला फुटसङ्घ मातहतमा राख्न सक्नुभयो भने मर्मतदेखि अरु कुरा हाम्रो संरक्षणमा राख्न सक्छौँ भनी पश्चिमाञ्चल क्षेत्रीय खेलकुदमा कुरा राख्दा आफ्नो मातहतमै आएको छैन भन्नुभयो", अध्यक्ष रञ्जितले भन्नुभयो, "निर्माण कम्पनीसँग बुझ्दा हामीले दिइसक्यौँ हामीले अब केही मर्मत गर्दैनौँ भन्छ ।" एन्फा कास्कीले रङ्गशालामा बनेको फुटबल मैदानमा केही काम गरेको अध्यक्ष रञ्जितले बताउनुभयो । "सङ्घले पोखरा रङ्गशालाको वैकल्पीक फुटबल मैदानको तारवार लगाउने काम पनि सम्पन्न गरेको छ", अध्यक्ष रञ्जितले भन्नुभयो, "प्रतियोगिताको कुरा गर्दा जिल्ला सङ्घले अखिल नेपाल फुटबल सङ्घ केन्द्रीय कार्यालयको वार्षिक तालिकाअनुसार कार्य गर्ने जानकारी गराउँदछौँ ।" एन्फा कास्कीले नियमित ग्रासरुट फुटबल ट्रेनिङ सेन्टर सञ्चालिन गरी ९० जनाभन्दा बढीलाई प्रशिक्षण दिइरहेको अध्यक्ष रञ्जितले जानकारी दिनुभयो । रङ्गशाला संरक्षणको लागि जिम्मेवारी लिन राष्ट्रिय खेलकुद परिषद्सँग समन्वय गरिरहेको उहाँले बताउनुभयो । रङ्गशाला हस्तान्तरण राष्ट्रिय खेलकुद परिषद्लाई भइसकेकाले आफूहरू मातहत आएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति कार्यालय प्रमुख लक्ष्मण योगीले जानकारी दिनुभयो । "केन्द्रमा राखेपमा हस्तान्तरण भइसकेको छ । केन्द्रमा भएपछि हामीलाई पनि भयो भनौँ न", कार्यालय प्रमुख लक्ष्मण योगीले भन्नुभयो । खेलकुदका केही ठूला योजना केन्द्र आफैँले हेर्ने गरेकाले पोखरा रङ्गशाला पनि सोही समूहमा पर्ने भएकाले एन्फा कास्कीलाई दिने अहिलेसम्म सल्लाह नभएको प्रमुख योगीले स्पष्ट पार्नुभयो । ०७५ पुस १३ मा निर्माण सम्झौता भई १६ फागुनमा शिलान्यास पोखरा रङ्गशाला चार वर्षमा निर्माण पूरा भएको हो ।

राष्ट्रिय खेलकुद परिषद्ले एक अर्ब २८ करोडमा निर्माण सम्झौता गरेकोमा निर्माण पूरा हुँदासम्म छ पटकसम्म म्याद थप गरिएको थियो ।सोह्र हजार पाँच सय सिट क्षमताको रङ्गशालाको पूर्वीभागमा पाँच हजार दुई सय ६८, पश्चिममा तीन हजार आठ सय १४, उत्तरमा तीन हजार चार सय ४४ र दक्षिणमा तीन हजार छ सय ९० सिट जडान गरिएको छ । त्यसैगरी अतिविशिष्ट कक्षमा २८, विशिष्ट कक्षमा दुई सय २८ तथा अशक्तका लागि २८ सिट जडान गरिएका छन् । फुटबल मैदान, खेलाडी चेञ्जिङ रुम, एथ्लेटिक्स ट्र्याक, तथा मिडिया सेन्टर, हल, शौचालय, प्यारापिटको पश्चिमको विशिष्ट कक्षमा छानोलगायत पूर्वाधार निर्माण भएका छन् ।

# व्यास नगर साइनिङ स्टारको अडिसन हुने

**पोखरापत्र संवाददाता**
दमौली, ६ साउन




बालबालिकाहरुको प्रतिभा प्रष्फुटनको एउटा उत्कृष्ट प्लाटफर्मको रुपमा पहिचान स्थापित गरेको व्यास नगर साइनिङ स्टारको अडिसन यही साउन १२ र १३ गते हुने भएको छ । जेसीआई व्यास नगरले आयोजना गर्दै आएको व्यास नगर साइनिङ स्टारको नवौं संस्करणको अडिसन व्यास-४ स्थित दमौली कलेजको प्रांगणमा हुने आयोजकले जानकारी दिएको छ ।

दमौलीमा शनिबार पत्रकार सम्मेलन गर्दै आयोजकले व्यास नगर साइनिङ स्टारको नवौं संस्करणका बारेमा जानकारी गराएको हो । यस कार्यक्रमको फिनाले भने भदौ १५ गते हुने जेसीआई व्यास नगरका अध्यक्ष राजु रानाले जानकारी दिए । यसअघि नगर क्षेत्रका ९-१४ बर्षका बालबालिकाले अडिसन दिन पाउने व्यवस्था रहेकोमा यस बर्षदेखि १०-१५ बर्ष सम्मका बालबालिका अडिसनमा सहभागी गराइने उनले बताए । अडिसनबाट छनोट हुने २० जना बालबालिकाहरुलाई एक महिनासम्म विभिन्न विधाका प्रशिक्षण र तालिम प्रदान गरिने कार्यक्रमका मुल संयोजक अजर नागिलाले जानकारी दिए । एक महिने प्रशिक्षण, तालिम र विभिन्न अवलोकन भ्रमण गराएपछि अन्तिममा ४ जना निर्णायकहरुको निर्णयबाट उत्कृष्ट हुने प्रतिभा व्यास नगर साइनिङ स्टार घोषणा उनले बताए । व्यास नगर साइनिङ स्टार २०२२को उपाधि जित्नेलाई नगद रु २५ हजार २३, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । फस्ट रनर अफले १५ हजार, २३ र सेकेण्ड रनर अफ हुनेलाई १० हजार, २३ सहित ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा बेस्ट पर्सनालिटी, बेस्ट वाल्क, बेस्ट फोटोजेनिक, बेस्ट ट्यालेन्ट, बेस्ट स्माइल, बेस्ट ड्रेस, बेस्ट अनुशासन, बेस्ट प्रोजेक्ट वर्क, बेस्ट भ्युवर च्वाईस र बेस्ट कन्ट्रिव्युसन गरी १० वटा विधागत अवार्डहरु पनि रहने आयोजकले जानकारी दिएको छ । १० विधामा उत्कृष्ट हुनेलाई जनही रु २ हजार र आकर्षक पुरस्कारको व्यवस्था गरिएको कार्यक्रम मूल संयोजक नागिलाले बताए । व्यास नगर साइनिङ स्टारमा प्रतिस्पर्धा गरेका बालबालिकाहरुले विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरिरहेकाले यसले समाजलाई महत्वपूर्ण योगदान पुगेको पूर्व अध्यक्ष एकप्रसाद श्रेष्ठले बताए । प्रतियोगिताको मुख्य उद्देश्य नै व्यक्तित्व र नेतृत्व विकास भएको बताउदै बालबालिकालाई टिकट बिक्री गर्न प्रेसर नगर्ने उनको भनाइ थियो । उनले भने 'विद्यालय समय प्रभावित नहुने गरि पढाइको अतिरिक्त हामीले बालबालिकाको जीवन सफल र सार्थक बनाउन विभिन्न जीवनपयोगी सीप प्रदान गर्ने गर्छौं ।' बालबालिकाको अन्तरनिहीत प्रतिभा प्रस्फुटन गराउदै व्यक्तित्व र नेतृत्व विकास, शारीरिक तन्दुरुस्ती, कला संस्कृति लगायत विविध समसामयिक विषयको ज्ञान प्रदान गर्ने उद्देश्य राखेर जेसीआई व्यास नगरले २०१३ देखि निरन्तर व्यास नगर साइनिङ स्टार प्रतियोगिता आयोजना गर्दै आइरहेको महासचिव सुनिल श्रेष्ठले जानकारी दिए ।

# मनसुनी वर्षा सुस्त : मुलुकभर ६८ प्रतिशत रोपाइँ

**पोखरापत्र संवाददाता**
दमौली, ६ साउन

मुलुकमा जारी मनसुनी वर्षा केही सुस्त देखिएको छ । यस वर्षको वर्षा याममा कम पानी परेका कारण धान रोप्न किसानलाई समस्या भएको छ ।

पछिल्लो एक सातादेखि मनसुनी वर्षा पर्याप्त मात्रामा भएको छैन । भेगीय हिसाबले केही स्थानमा भारी वर्षा भए पनि देशभर निरन्तर वर्षा नहुँदा धान रोपाइँ प्रभावकारीरूपमा भएको छैन । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सञ्जेलका अनुसार कृषि विभागको यही साउन ५ गतेसम्मको तथ्याङ्कअनुसार मुलुकभर ६८ प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको छ । विसं २०७९ साउन ५ गतेसम्म ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । गत वर्षको भन्दा यस वर्ष सो अवधिमा २० प्रतिशत कम रोपाइँ भएको देखिन्छ । विशेषगरी मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा मनसुन ढिला सुरु भएका कारण धान रोपाइँ कम भएको विभागले उल्लेख गरेको छ । जल तथा मौसम विज्ञान विभाग मातहतको मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशमा मनसुनी वायुको आंशिक प्रभाव रहेको छ । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानको दक्षिणतिर अवस्थित रहेको छ । यही कारणले तुलनात्मकरूपमा कम वर्षा भएको महाशाखाका मौसमविद् सञ्जिव अधिकारीले बताउनुभयो । "अहिले मनसुन ब्रेकको अवस्था छ, वर्षाका क्रममा केही कमी आएको छ, वर्षा नै नहुने भन्ने त हैन तर, विगतका दिनको तुलनामा कम वर्षा हुने देखिन्छ", उहाँले भन्नुभयो । मनसुनको न्यूनचापीय रेखा सरदर स्थानकोभन्दा दक्षिणतिर रहेकाले वर्षा कम भएको उहाँको भनाइ छ । महाशाखाकै अर्का मौसमविद् रोजन लामिछानेले पनि मनसुनी वर्षा पर्याप्त नहुँदा धान रोप्न किसानलाई समस्या भएको उल्लेख गर्नुभयो । "मनसुन वर्षा सरदर भन्दा केही कमजोर देखिएको छ । हरेक वर्ष मनसुनको एउटै 'प्याट्रन' हुदैन । तर, यो वर्ष मनसुन केही कमजोर देखिएको छ, अझै दुई/तीन दिन वर्षा राम्ररी हुने अवस्था देखिँदैन", उहाँले भन्नुभयो । मनसुन कमजोर रहे पनि खण्डितरूपमा मुलुकभर वर्षा भइरहेको मौसमविद् लामिछानेको भनाइ छ । कृषि विभागको विवरणमा कर्णाली प्रदेशमा विशेषगरि लम्पी स्कीन रोगका कारण गोरुको अभाव भई रोपाइँ थोरै प्रभावित भएको जानकारीमा आएको विभागले जनाएको छ । सुदूरपश्चिम प्रदेशमा रोपाइँ करिब सकिएको छ । विस्तारै मनसुन सक्रिय भइरहँदा, रासायनिक मलको उपलब्धता सुनिश्चित हुँदा र लम्पी स्कीन रोगको प्रभाव कम हुँदै जाँच्दा धान रोपाइँ हुने प्रतिशत क्रमशः बढ्दै जाने विभागको अपेक्षा छ । मध्यतराईमा साउन मसान्तसम्म नै रोपाइँ हुने गरेका सन्दर्भमा साउन मसान्तसम्ममा ९० देखि ९५ प्रतिशतसम्म रोपाइँ हुने अनुमान गरिएको विभागले उल्लेख गरेको छ ।

# तनहुँमा आठ हजार पशुमा कृत्रिम गर्भाधान

**पोखरापत्र संवाददाता**
दमौली, ६ साउन

तनहुँमा एक वर्षको अवधिमा करिब आठ हजार पशुमा कृत्रिम गर्भाधान गरिएको छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले आर्थिक वर्ष २०७९/८० मा जिल्लामा सात हजार नौ सय १६ पशुमा कृत्रिम गर्भाधान गरेको हो ।

केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठका अनुसार उक्त अवधिमा चार हजार तीन सय ५८ गाई, तीन हजार तीन सय ८८ भैँसी र एक सय ७० बाख्रामा कृत्रिम गर्भाधान गरिएको छ । गर्भाधान गरिएकामध्ये गाईमा ५५, भैँसीमा ५० र बाख्रामा ४० प्रतिशत सफल भएको डा श्रेष्ठले जानकारी दिनुभयो ।

जिल्लामा कूल नौ ठाउँमा कृत्रिम गर्भाधान केन्द्र रहेका छन् । विगत वर्षभन्दा आव २०७९/८० मा कृत्रिम गर्भाधान १५ दशमलव ४५ प्रतिशतले वृद्धि भएको डा श्रेष्ठको भनाइ छ । सरकारले नश्ल सुधार कार्यक्रमलाई राष्ट्रिय अभियानका रूपमा सञ्चालन गर्दै आएको छ । पशुमा कृत्रिम गर्भाधान गराएमा कम उत्पादनशील स्थानीय पशुको उत्पादकत्व वृद्धि हुने, प्रजननका लागि भाले जनावर पाल्नु नपर्ने, हाडनाता प्रजननबाट उत्पादकत्वमा हुने ह्रास नहुने र प्रजननका माध्यमबाट सर्ने विभिन्न रोगबाट पशुको बचावट गर्न सकिने डा श्रेष्ठले बताउनुभयो । कृत्रिम गर्भाधान गरेको तीन वर्षभित्रै पशुहरूले आफ्नो उत्पादकत्व दिन सक्नेछन् । साथै जिल्लामा उत्पादन हुने दूधलगायत दुग्धजन्य वस्तुको उत्पादनमा वृद्धि भई बाहिरी जिल्लाबाट उन्नत पशुहरू आयात गर्नुपर्दैन । नेपालमा पालिएका दुधालु गाईको नश्ल सुधारका लागि सरकारले कृत्रिम गर्भाधानमा प्राथमिकता दिँदै आएको छ ।

कार्यालयले सोही अवधिमा विभिन्न रोगबाट प्रभावित ११ हजार दुई सय ६० पशुलाई खोप लगाएको छ । डा श्रेष्ठका अनुसार १० हजार पाँच सय पशुलाई 'लम्पी स्किन'विरुद्ध र सात सय ६० कुकुरलाई रेविजविरुद्धको खोप लगाइएको छ । जिल्लामा पछिल्लो समय पशुपालनतर्फ कृषकको आकर्षण बढ्दै गएको छ । विदेशबाट फर्किएका युवा पशुपालनमा जोडिएका छन् । विदेशमा गर्ने दुःख स्वदेशमा गर्दा यहीँ मनग्य आम्दानी हुने कृषकको भनाइ छ । भेटेरीनरी अस्पताल तथा जिल्लाका स्थानीय तहले अनुदानका कार्यलाई प्राथमिकता दिएपछि कृषक यसतर्फ आकर्षित छन् । सोह्र वर्ष वैदेशिक रोजगारीमा रहनुभएका म्याग्दे गाउँपालिका-४ सिस्नेरी निवासी बमबहादुर थापाले स्वदेश फर्किएर बङ्गुरपालन गरिरहनुभएको छ । कुवेत छँदा आम्दानीको स्रोत राम्रै रहे पनि नेपालमै गएर केही गर्ने हुटहुटी बोकेर थापा बङ्गुरपालनमा लाग्नुभएको हो । नेपालमा रोजगारीको सम्भावना नदेखिएपछि कुवेत पुग्नुभएका थापाले स्वदेशमै फर्किएर बङ्गुरपालन सुरु गर्नुभएको हो । विदेशमा राम्रो कमाई हुँदाहुँदै पनि नेपालमा आएर परिवारसँगै केही गरौँ भन्ने भावनासहित थापाले लाङघाली कृषि फार्म दर्ता गरी बङ्गुरपालनलाई अगाडि बढाउनुभएको छ । म्याग्दे गाउँपालिका-६ का अमृत थापा र गुरुप्रसाद पौडेलले रु छ करोड लगानी गरेर पोल्टी फार्म सञ्चालनमा ल्याउनुभएको छ । जिल्लालाई अण्डामा आत्मनिर्भर बनाउने उद्देश्यसहित सञ्चालित पोल्टी फार्ममा हालसम्म रु छ करोड लगानी भएको छ । पोल्टी फार्ममा हाल १९ हजार लेयर्स कुखुरा रहेका छन् । फार्मबाट दैनिक १५ हजार अण्डा उत्पादन हुँदै आएको छ । फार्मका सञ्चालक थापाका अनुसार त्यहाँ नौ जनाको परिवारले रोजगारी पाएका छन् । व्यवसाय सञ्चालनका क्रममा मासिक रु ३५ लाख खर्च हुँदै आएको छ । उन्नाइस हजार कुखुरालाई दैनिक रु एक लाख २० हजार दानामा खर्च हुँदै आएको छ । उक्त पोल्टी फार्म ५३ रोपनी जग्गामा फैलिएको छ ।

# 'लम्पी स्किन'ले गोरु मरेपछि किसानलाई खेत जोत्न समस्या

**पोखरापत्र संवाददाता**
दमौली, ६ साउन

तनहुँमा लम्पी स्किन रोगका कारण गोरु मरेपछि कृषकलाई खेत जोत्न समस्या भएको छ । धान रोपाइँको चटारोका बीचमा सो रोगबाट गोरु मरेपछि कृषकलाई समस्या भएको हो ।

जिल्लाका दशवटै पालिकाका चार हजार एक सय ७६ पशुमा लम्पी स्किन रोग फैलिएकामा ४७ पशु मरेका छन् । यसमध्ये ४३ गोरु रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "खेतीपातीको समयमा गोरु मर्दा कृषकलाई खेत जोत्न समस्या भएको छ । गोरुको विकल्प ट्र्याक्टर भए पनि कतिपय किसानले ट्र्याक्टर किन्न सक्ने अवस्था छैन ।" उहाँका अनुसार लम्पी स्किन सङ्क्रमण भएकै अवस्थामा काममा लगाउँदा त्यसैका कारण पशुको मृत्यु भएको हुनसक्ने देखिएको छ । "लम्पी स्किन सङ्क्रमण हुँदैमा मृत्यु हुने होइन, बिरामी भएको अवस्थामा काम गर्नुपर्दा पशुलाई गाह्रो भएर मृत्यु भएको देखिएको छ", डा श्रेष्ठले भन्नुभयो । लम्पी स्किनविरुद्ध जिल्लामा दश हजार पाँच सय पशुलाई खोप लगाइसकिएको छ । स्थानीय तहको समन्वयमा लम्पी स्किन सङ्क्रमणबाट बचाउन दश हजार पाँच सय स्वस्थ पशुलाई खोप लगाइएको श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो खोप सङ्क्रमित भएको पशुलाई नभई सङ्क्रमण नभएका पशुलाई रोगबाट बचाउन लगाउने हो ।" सबैभन्दा बढी व्यास नगरपालिकाका पशुलाई खोप लगाइएको छ । व्यासमा तीन हजार पशुलाई खोप लगाइएको कार्यालयले जनाएको छ । खोप लगाउनका लागि स्थानीय तहले आफैँ खरिद गरेका थिए । नगरपालिकाले कृषकको गोठमै पुगेर खोप लगाइदिएको नगरपालिकाका पशुपन्छी विकास उपशाखा प्रमुख डा मनोज विश्वकर्माले जानकारी दिनुभयो । पशुमा पूर्ण खोप कार्यक्रमअन्तर्गत नगरपालिकाको वडामा खोपकर्ताको रुपमा खटिएका भेटेरिनरी प्राविधिकलाई पुनः यस आकस्मिक अवस्थामा खोप लगाउन परिचालित गरिएको उहाँले जानकारी दिनुभयो । उक्त रोगबाट धेरैजसो व्यास नगरपालिका-१ चारकुने, व्यास नगरपालिका-१३ बेलबास, पोखरीभज्याङ, व्यास नगरपालिका- ११ फराकचौर र व्यास नगरपालिका-७ मा गाईभैँसी सङ्क्रमित भएका थिए । जिल्लाको म्याग्दे गाउँपालिकाले दुई हजार गाईभैँसीलाई उक्त खोप लगाएको छ । गाउँपालिकाले सातवटै वडामा पालिएका पशुलाई खोप लगाएको पशु सेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणमा दूध उत्पादन धेरै हुने वडाका पशुलाई प्राथमिकतामा राखेर खोप लगाइएको हो । उहाँले भन्नुभयो, "व्यावसायिक रुपमा गाईभैँसीपालन गरिएका र दूध उत्पादन बढी गर्ने कृषकको गोठमै पुगेर खोप लगाएका छौँ ।" पहिलो चरणमा दुई हजार खोपको मात्रा आएकाले सोहीअनुसार खोप लगाइएको र आवश्यक परे थप खोप खरिद गरिनेछ ।


## सार्वजनिक सुनुवाई सम्बन्धि सूचना

**प्रकाशित मितिः २०८०/०४/०७**

**आयोजनाको नामः आँधीखोला कटुवाघाट निबुवाखर्क मोटरेवल पुल (८२.९५ मिटर)**

**गण्डकी प्रदेश अन्तर्गत पर्ने स्याङ्जा जिल्लाको गल्याङ नगरपालिका, वडा नं. २ र ४, मा अवस्थित स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, गण्डकी प्रदेश, पोखराद्वारा प्रस्तावित आँधीखोला कटुवाघाट निबुवाखर्क मोटरेवल पुल आयोजनाको निर्माण एवं संचालनका लागि वातावरण संरक्षण नियम(ावली, २०७७ अनुसारको संक्षिप्त वातावरणीय अध्ययन तयारीको सिलसिलामा सरोकारवाला व्यक्ति वा संस्थाहरुको राय सुझाव संकलनका लागि निम्न स्थान र मितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले उक्त कार्यक्रममा उपस्थिति भई राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।**

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने स्थानः**
**गल्याङ नगरपालिका, वडा नं. २ को कार्यालय**
**मितिः २०८०/०४/१४**
**समयः दिउसो २ बजे**